नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३५ अंक २७९ २०८३ साल असार ३ गते बुधबार (17 June 2026 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : निःशुल्क स्वास्थ्य पोर्टल सुरु... ३ पृष्ठमा : किन केही मानिसहरू ... ३ पृष्ठमा : हर्मुज मार्ग पुनः खुल्ने...

लागु औषधको दुर्व्यसनबाट टाढा रहौं

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

अपहरण पछि हत्या गरिएको घटनाका अभियुक्त ११ वर्ष पछि पक्राउ



दैनिक समाचारदाता
राजविराज, २ असार ।

सप्तरीमा अपहरण गरी पानीमा डुबाएर हत्या गर्ने दुई जना अभियुक्तलाई ११ वर्ष पछी प्रहरीले पक्राउ गर्न सफल भएको छ ।

विशेष सुराकीका आधारमा प्रहरी टोलीले जिल्लाको सुरुङ्गा नगरपालिका ९ का ६९ वर्षिय दाउद मियाँ र सिरहाको लहान नगरपालिका ११ का ६२ वर्षिय नसिर भन्ने वसिर मियाँलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरी उपरिक्षक रुपक खडकाका अनुसार सुरुङ्गा नगरपालिका ९ का ६२ वर्षिय एनुल मियाँको २०७२ साल भाद्र २९ गते हत्या भएको थियो । सोही आरोपमा दुई दिन अघि पक्राउ परेका दाउद र वसिर बारे प्रहरीले मंगलवार पत्रकार सम्मेलन मार्फत घट्ना विवरण सार्वजनिक गरिएको हो ।

प्रहरी उपरिक्षक खडकाले २०७२ साल भाद्र २९ गते साँझ ७ बजेको समयमा आफ्नै घरमा वसीरहेका बेला दाउद र बसिर मिलेर उनको अपहरण गरेका जनाए । त्यस पछि बलान

बाँकी दुई पृष्ठमा

सबैको साथ र सहयोग लिएर अघि बढने



दैनिक समाचारदाता
राजविराज, २ असार ।

सप्तरीका नवआगन्तुक प्रहरी उपरिक्षक रुपक खडका र प्रहरी नायब उपरिक्षक हेमराज घिमिरेले जिल्लाको सुरक्षा व्यवस्था सुदृढ बनाउन आफुहरु सबैको साथ र सहयोग लिएर अघि बढने बताएका छन् ।

यस अघि प्रहरी प्रमुख र प्रहरी नायब उपरिक्षकको एकै साथ एक साता अघि सरुवा भएपछि नयाँ आएका प्रहरी उपरिक्षक खडका र प्रहरी नायब उपरिक्षक घिमिरेले मंगलवार पत्रकारहरु संगको परिचयात्मक कार्यक्रममा यस्तो कुरा बताएका हुन ।

प्रहरी उपरिक्षक खडकाले

बाँकी तीन पृष्ठमा

वडाअध्यक्ष र सचिवको मिलोमतोमा जग्गा छिमेकीको नाममा दर्ता गर्न सिफारिस गरेको पीडितको आरोप



दैनिक समाचारदाता
राजविराज, २ असार ।

सप्तरीको राजगढ गाउँपालिकाका ४ निवासी पप्पु साहले वडाअध्यक्ष अशोक कुमार साह र वडा सचिव राम विलास मण्डलको मिलोमतोमा आफ्नो जग्गा छिमेकी देव नारायण साहको नाममा दर्ता गर्न सिफारिस गरेको आरोप लगाएका छन ।

पीडित पक्षले मंगलवार पत्रकार सम्मेलनको आयोजना गरी यस्तो आरोप लगाएका हुन । उनले वडाअध्यक्ष साह र सचिव मण्डललाई प्रलोभनमा पारी जग्गा हत्याउने प्रयास भएको भन्दै उच्चस्तरीय छानवीन हुनु पर्ने माग समेत गरेका छन ।

बि.स. २००४ सालको श्रेस्ता बमोजिम आफ्नो हकभोगमा रहेको सोही वडास्थित कित्ता नं. ५०० को पोखरीको डिलको २ कट्ठा ९ धुर जग्गा छिमेकी देव नारायण साहको नाममा नामसारी गर्ने चलखेल भएको उनले गुनासो गरे ।

विगत एक वर्ष देखी छुट जग्गा दर्ताको प्रकृयामा लागेका बेला वडाअध्यक्ष र सचिवको मिलोमतोमा गोप्य ढंगले एक पक्षिय सरजमिन गराई जग्गा हत्याउने प्रयास भएको उनको दाबी छ ।

"छुट जग्गा दर्ताको सिफारिसका लागी पटक/पटक मैले बडा कार्यालयमा निवेदन दिएका थिए, उनले भने- तर मेरो निवेदनको वेवास्ता गर्दै छिमेकी साहको नाममा जाने गरी सिफारिस गरिएको छ ।"

सो बारे जानकारी पाए पछि न्यायका लागी आफु उच्च अदालत जनकपुर-राजविराज इजलास, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय तथा मालपोत कार्यालयमा निवेदन दिए पछि हाल नामसारी प्रकृया रोकिएको उनको कथन छ ।

उनले उक्त जग्गाको

बाँकी तीन पृष्ठमा

कर परामर्श सेवा केन्द्र

राजविराज-३

कर्मचारी आवश्यकता

मिति : २०८३/०३/०२

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्द्र) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्नो प्रमाणपत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

१ पद : कम्प्युटर अपरेटर
२ संख्या : २ (दुई)
३. योग्यता : बाणिज्य विषयमा न्यूनतम +२ उत्तिर्ण भएको ।
४. पारिश्रमिक : आपसी सहमतिमा तय गरिने छ ।
५. परीक्षाको किसिम : प्रतियोगात्मक र अन्तरवार्ता.
५. सम्पर्क नं. : ९८०१५३०५७७/९८०४७९८८०८

नोट :कम्प्युटरमा ट्याली, एक्सल र नेपाली टाईपिङमा दक्षता प्राप्त हुनुपर्ने छ ।

कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विपादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

संघीयताको मूल मर्म नै स्थानीय सरकार लाई सशक्त र जनउत्तरदायी बनाउनु हो

कुनै पनि पालिकामा आर्थिक दायित्व सृजना हुने कुनै पनि सम्झौता कार्यादेश आर्थिक प्रति उत्तरदायी भएको बाहेक अरुले गर्न मिल्दैन् । कुनै पनि जनप्रतिनिधिले स्थानिय सरकार सञ्चालन ऐन विपरित समझौता र कार्यादेश दिनु गैरकानुनी हो । पालिकाको योजनामा रहेका बजेट खर्च गर्न नियम कानुन विपरित आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर यस्तो कार्य गर्नु पालिका र त्यहाका जनता बिरुद्ध जानु हो । संघीयताको मूल मर्म नै स्थानीय सरकारलाई सशक्त र जनउत्तरदायी बनाउनु हो ।

तर पछिल्लो समयमा केही स्थानीय तहहरूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्मविपरीत गतिविधि गर्दै आएको देखिनु चिन्ताको विषय बनेको छ । कानुनको पालना गर्नु पर्ने जिम्मेवारी बोकेको सरकार स्वयं नै जब कानुन उल्लंघन गर्न थाल्छ, तब जनताले विश्वास गर्ने आधार नै कमजोर हुन्छ । केही स्थानीय तहहरूले जनप्रतिनिधिको स्वेच्छाचारी निर्णय, पारदर्शिताको अभाव, आर्थिक अनियमितता, सार्वजनिक सुनुवाइको वेवस्था नअपनाउने, कर्मचारी व्यवस्थापनमा मनपरीजस्ता कार्यहरू गरेर ऐनको भावना मिचिरहेका छन् । यस्ता गतिविधिहरूले स्थानीय शासन प्रणालीमा जनताको विश्वास घटाउँछ र स्थानीय विकास अवरुद्ध हुन जान्छ ।

स्थानीय सरकार सञ्चालन ऐनले स्पष्ट रूपमा योजना निर्माण, बजेट विनियोजन, सेवा प्रवाह, सार्वजनिक सहभागिता, पारदर्शिता, जवाफदेहिता जस्ता विषयमा स्पष्ट निर्देशन दिएको छ । तसर्थ यी कानुनी दायित्वलाई बेवास्ता गर्दै निर्णय लिने प्रवृत्तिले लोकतान्त्रिक अभ्यास कमजोर बनाउँछ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

निःशुल्क स्वास्थ्य पोर्टल सुरु गरेपछि १२ सय बढीको उपचार

काठमाडौँ, २ असार (रासस) ।

सरकारले विपन्न वर्गको स्वास्थ्य उपचारका लागि निःशुल्क स्वास्थ्य पोर्टल सुरु गरेपछि त्यसमार्फत निःशुल्क सेवा लिनेको सङ्ख्या एक हजार २०० नाघेको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले निःशुल्क स्वास्थ्य उपचारको संवैधानिक हक कार्यान्वयन गर्न गत वैशाख ३ गतेदेखि अस्पतालका निःशुल्क शैय्यासम्बन्धी सूचना दिने अनलाइन प्रणाली 'निःशुल्क स्वास्थ्य पोर्टल' सञ्चालनमा ल्याएसँगै विपन्न वर्ग लाभान्वित भएका हुन् ।

पोर्टलमा अद्यावधिक गरिएको जानकारीअनुसार देशभरका सबै अस्पतालमा गरी तत्काल कुल २३ हजार ४५६ वटा शैय्या उपलब्ध छन् । सो सङ्ख्याको १० प्रतिशतअर्थात् दुई हजार ३५६ शैय्या पूर्णतः निःशुल्क उपलब्ध छन् ।

उपलब्ध कुल निःशुल्क शैय्यामध्ये हाल ३५४ शैय्यामा बिरामी छन् । यसरी तत्काल दुई हजार दुई शैय्या निःशुल्क उपलब्ध छन् ।

पोर्टलमा देशभर तत्काल उपलब्ध शैय्या सङ्ख्या, त्यसको १० प्रतिशतले हुन आउने निःशुल्क शैय्या, हाल प्रयोग भइरहेको निःशुल्क शैय्या र बाँकी रहेको निःशुल्क शैय्या सङ्ख्याको अद्यावधिक जानकारी हुन्छ ।

मन्त्रालयले पोर्टलमार्फत अस्पतालहरूमा उपलब्ध हुने अन्य सेवाहरूको अद्यावधिक जानकारी समेत उपलब्ध गराउने तयारी गरेको जनाएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतालेसंविधान र कानूनले विपन्न वर्गका लागि दिएको सुविधा ती वर्गले पाउने अवस्था सुनिश्चित गर्न निःशुल्क पोर्टल कार्यान्वयनमा ल्याइएको बताउनुभयो । उहाँले भन्नुभयो "यसो नगर्दा लक्षित बर्गले अस्पतालले चाहँदा पाउने नत्र निःशुल्क स्वस्थ्य सुविधा नपाउने अवस्था थियो, त्यसैले विपन्न बर्गका पक्षमा स्वास्थ्य पोर्टल सुरु गरेका हौं ।"

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने भन्ने व्यवस्था छ ।

साथै नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ७० घ मा "अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, वेवारिसे विरामीका लागि कुल शैय्याको १० प्रतिशत शैय्या छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था छ ।

त्यसको कार्यन्वयनको लागि अस्पतालहरूमा निःशुल्क उपचार सेवा प्रभावकारी, पहूच योग्य र पारदर्शी बनाउने उद्देश्यले यो अनलाइन प्रणालीको विकास गरिएको जानकारी स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले दिनुभयो । उहाँले भन्नुभयो "विगतमा कार्यविधि नहुँदा के के कुरा निःशुल्क हुने भन्नेमा अन्योल थियो । कार्यविधि बनेपछि सबै पक्षलाई सहज भएको छ ।"

स्वास्थ्य पोर्टल व्यवस्थापनका क्रममा जारी कार्यविधिले १० अस्पतालमा लक्षित वर्गका लागि १० शैय्या अनिवार्य छुट्याइएको हुनुपर्ने, ती शैय्यामा भर्ना हुने बिरामीलाई अस्पतालमा उपलब्ध हुने सबै सेवा निःशुल्क दिनुपर्ने र निःशुल्क शैय्यासम्बन्धी सम्पूर्ण जानकारी निःशुल्क पोर्टल र अस्पतालको सूचना पाटीमा सबैले देख्नेगरी राख्नुपर्ने व्यवस्था गरेको छ ।

सरकारले विपन्न वर्ष लक्षित पोर्टल लागू गरेपछि अस्पतालको अनुगमनका लागि छ वटा समिति गठन गरी देशका ११ वटा सङ्घीय अस्पतालमा खटाएको जनाएको छ ।

सिमाना र द्विपक्षीय सम्बन्धका बारेमा संवेदनशील हुन आग्रह

काठमाडौँ, २ असार (रासस) ।

प्रतिनिधिसभाका सांसदहरूले सिमाना र द्विपक्षीय सम्बन्धका बारेमा संवेदनशील हुन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकको आकस्मिक समयमा उहाँहरूले सिमानाका सम्बन्धमा देखिएका विषयमा संवेदनशील भएर समाधानमा लाग्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

बैठकमा नेपाली कम्युनिष्ट पार्टीका सांसद प्रमेशकुमार हमालले प्रधानमन्त्री वालेन्द्र शाहले गत जेठ १७ गते सिमानाका सम्बन्धमा दिनुभएको अभिव्यक्तिका सन्दर्भमा आपत्ति जनाउँदै संसद्को अभिलेखबाट हटाउन माग गर्नुभयो ।

उहाँले परराष्ट्रमन्त्री शिशिर खनाल अहिले चीन भ्रमणमा रहनुभएको उल्लेख गर्दै त्रिपक्षीय सीमाका विषयमा कुरा भयो कि भएन भनी जानकारी माग गर्नुभयो । साथै उहाँले उक्त विषय संयुक्त वक्तव्यमा नदेखिएको बताउँदै स्पष्ट पार्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद हमालले नेपालको सुस्ता क्षेत्रमा भारतीय सुरक्षाकर्मी प्रवेश गरेको, दार्चुलाको सिमानामा बिना अनुमति भारतीय हेलिकोप्टर प्रवेश गरेको, भारततर्फको चिया निर्यातमा अवरोध देखिएकोलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । जारी फिफा विश्वकप फुटबल हेर्नका लागि अतिरिक्त रकम तिर्नुपर्ने उल्लेख गर्दै सांसद हमालले निःशुल्क फुटबल हेर्न पाउने व्यवस्था गर्न सरकारसँग माग गनुभयो ।

नेपाली कांग्रेसका सांसद रेखाकुमारी यादवले प्रधानमन्त्री वालेन्द्र शाहले गत जेठ १७ गते प्रतिनिधिसभाको बैठकमा सीमाका विषयमा दिनुभएको अभिव्यक्तिका विषयमा प्रष्ट पार्नुपर्ने माग गर्दै सुस्तालगायतका सिमानामा देखिएको विषयका सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सीमासम्बन्धी संवेदनशील विषयमा अभिव्यक्ति दिएपछि उक्त विषयमा प्रष्ट पार्न पुनः माग गर्नुभयो ।

यसैगरी, नेकपा (एमाले)का सांसद टुका भद्रा हमालले सिमानाका विषयको विवादित अभिव्यक्तिलाई संसद्को अभिलेखबाट हटाउन माग गर्नुभयो । उहाँले राष्ट्रभन्दा ठूलो अरु केही हुन नसक्ने भन्दै नेपाली भूभागको संरक्षण र राष्ट्रियताको संरक्षणमा सरकारले ध्यान दिनुपर्ने माग गर्नुभयो ।

श्रम संस्कृति पार्टीका सांसद हर्कराज राईले भारतले सिमाना क्षेत्रमा बाँध बनाएका कारण रौटहटको गौरमा डुबानको समस्या देखिएको भन्दै यस विषयप्रति सरकारलाई संवेदनशील भएर समाधानमा लाग्न आग्रह गर्नुभयो । उहाँले राजविराजका केही क्षेत्रमा लामो समयदेखि स्थानीयले जग्गा धनीपुर्जा नपाएको विषयमा सम्बन्धित निकायले ध्यान दिनपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सरस्वती लामाले नेपालको राष्ट्रियता र भौगोलिक अखण्डताको विषयमा सरकार गम्भीर हुनुपर्ने माग गर्दै प्रधानमन्त्री शाहले गत जेठ १७ गते सिमानाका सम्बन्धमा दिनुभएको अभिव्यक्ति फिर्ता गर्न र संसद्को अभिलेखबाट हटाउन माग गर्नुभयो ।

जेठमा घर जग्गा कारोबारबाट पाँच अर्ब २४ करोड राजस्व संकलन

काठमाडौँ, २ असार (रासस) ।

देशभरका भूमि प्रशासन कार्यालयले गत जेठ महिनामा रु पाँच अर्ब २४ करोड ४२ लाख ५१ हजार १०१ बराबर राजस्व सङ्कलन गरेका छन् ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार देशभरका १३८ भूमि प्रशासन कार्यालयले सेवाकरबाट रु २८ करोड ६६ लाख ३२ हजार ५६० सङ्कलन गरेको छ ।

यस्तै, रजिष्ट्रेसन दस्तुरबाट रु दुई अर्ब ७८ करोड ५१ लाख १६ हजार २२६, पुँजीगत लाभकरबाट रु दुई अर्ब १२ करोड ३१ लाख ४२ हजार ६४४ सङ्कलन गरेको छ ।

विभागका अनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले रु ३४ करोड ४४ हजार, टोखाले रु १० करोड ९९ लाख २३ हजार, चाबहिलले रु ३१ करोड ४२ लाख १९ हजार बराबरको राजस्व सङ्कलन गरेको छ ।

विभागका अनुसार गत वैशाख महिनामा देशभरका मालपोत कार्यालयहरूले कुल रु छ अर्ब २६ करोड ३८ लाख २९ हजार ८७३ बराबरको राजस्व सङ्कलन गरेका थिए ।

यस्तै, गत चैतमा कुल रु छ अर्ब १६ करोड ५७ लाख ५० हजार ११७ राजस्व सङ्कलन गरेका थिए । त्यस्तै, गत फागुनमा रु चार अर्ब १४ करोड ९५ लाख ४८ हजार ९३२ र गत माघमा भने रु पाँच अर्ब ९९ लाख २४ हजार ५३६ बराबरको राजस्व सङ्कलन भएको थियो ।

अपहरण पछि ...

खोला नजिकै रहेको पैनी बाटोमा पुऱ्याएर पानीमा डुबाएर मुख थुनी हत्या गरेको अनुसन्धानका क्रममा खुलेको उनको भनाई छ ।

घटना पछी दुबै जना फरार भएका थिए । पक्राउ परेका दुबै जनालाई अपहरण तथा कर्तव्य ज्यान मुदा अन्तर्गत सप्तरी जिल्ला अदालतबाट म्याद थपेर आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक हेमराज घिमिरेले जानकारी दिए ।

किन केही मानिसहरू लामखुट्टेका लागि 'चुम्बक' बन्छन् ?

पेरिस, २ असार (रासस/एएफपी)।

केही मानिसलाई लामखुट्टेले बारम्बार टोक्ने, अरूलाई भने लगभग बेवास्ता गर्ने अनुभव केवल संयोग नभई, बरु शरीरबाट निस्कने गन्ध, सास र तापक्रमको जटिल रासायनिक सङ्केतहरूको परिणाम भएको वैज्ञानिकहरूले बताउन थालेका छन्। यस विषयमा हालका अनुसन्धानहरूले किन केही मानिसहरू लामखुट्टेका लागि बढी आकर्षक हुन्छन् भन्ने बुझाइलाई अझ स्पष्ट बनाउँदै लगेका छन्।

फ्रान्सको इन्स्टिच्युट अफ रिसर्च फर डेभलपमेन्टका मेडिकल एन्टोमोलोजिस्ट फ्रेडरिक सिमार्डका अनुसार लामखुट्टेले सबै मानिसलाई समान रूपमा प्रतिक्रिया दिँदैनन्। उहाँले भन्नुभयो, "यो गलत धारणा होइन कि लामखुट्टे केही मानिसतर्फ बढी आकर्षित हुन्छ, तर सबै समय सबै मानिस चुम्बक हुँदैनन्।"

वैज्ञानिकहरूका अनुसार लामखुट्टेले मुख्य रूपमा तीन प्रमुख सङ्केतमार्फत मानिसलाई छान्छन्–हामीले सास फेर्दा निस्कने कार्बन डाइअक्साइड, शरीरबाट आउने गन्ध र शरीरको तापक्रम तथा आर्द्रता। यी सङ्केतहरूलाई महिला लामखुट्टेहरूले अत्यन्त संवेदनशील रूपमा पहिचान गर्छन्, किनकि रगत चुस्ने कार्य केवल तिनीहरूले मात्र गर्छन्।

स्विडेनका अनुसन्धानकर्ता रिकार्ड इग्नेलका अनुसार लामखुट्टेहरूले कार्बन डाइअक्साइडलाई सयौँ वर्षदेखि पहिलो सङ्केतका रूपमा प्रयोग गर्दै आएका छन्। उहाँका अनुसार दर्जनौँ मिटर टाढाबाटै लामखुट्टेले मानिसको सासको सङ्केत पत्ता लगाउन सक्छन् र नजिकिँदै जाँदा शरीरको गन्धसँग यसको प्रभाव अझ बढ्छ।

करिब १० मिटरको दूरीमा पुगेपछि लामखुट्टेले शरीरबाट निस्कने गन्ध पहिचान गर्न थाल्छन्। यसमा कार्बन डाइअक्साइडसँगै अन्य रासायनिक सङ्केतहरूको मिश्रणले उनीहरूलाई अझ आकर्षित बनाउँछ। अझ नजिकिँदा शरीरको तापक्रम र पसिनाको आर्द्रताले पनि आकर्षण बढाउने भूमिका खेल्छ।

केही प्रचलित विश्वासहरू भने वैज्ञानिक रूपमा पुष्टि नभएको अनुसन्धानकर्ताहरूले स्पष्ट पारेका छन्। लामखुट्टेले निश्चित रगत समूहलाई रुचाउँछन् भन्ने दाबीको कुनै ठोस वैज्ञानिक आधार नभएको सिमार्डले बताउनुभयो। उहाँका अनुसार यस्ता निष्कर्षहरू सीमित अध्ययनमा आधारित छन् र पर्याप्त प्रमाण छैनन्।

त्यस्तै, छाला, आँखाको रङ वा कपालको रङसँग लामखुट्टेको आकर्षणको कुनै सम्बन्ध नरहेको पनि वैज्ञानिकहरूले स्पष्ट पारेका छन्। यसको विपरीत, शरीरको गन्ध निर्धारण गर्ने सूक्ष्म जैविक तत्त्वहरू सबैभन्दा महत्त्वपूर्ण कारकका रूपमा देखिएका छन्।

अनुसन्धानअनुसार मानव छालाबाट ३०० देखि एक हजारसम्म फरक गन्धयुक्त रासायनिक यौगिकहरू निस्किन्छन्। तीमध्ये केही यौगिकहरूको संयोजनले केही व्यक्तिहरूलाई लामखुट्टेका लागि विशेष रूपमा आकर्षक बनाउँछ।

हालै इग्नेल नेतृत्वको अध्ययनमा एडीज इजिप्टी लामखुट्टे प्रयोगशालामा ४२ जना महिलामा परीक्षण गरिएको थियो। यस अध्ययनले लामखुट्टेले गन्धयुक्त यौगिकहरूको मिश्रण प्रयोग गरेर आफ्नो लक्ष्य छान्ने गरेको देखाएको थियो, जसमा एक हजार सम्भावित यौगिकमध्ये करिब २७ वटा पहिचान गरिएका छन्।

विशेषगरी छालाको तेल सेबमको विघटनबाट बन्ने केही रसायनहरू लामखुट्टे आकर्षणसँग जोडिएका छन्। '१-अक्टेन-३-ओएल' अर्थात् 'मशरूम अल्कोहल' नामक यौगिकको सानो मात्राको परिवर्तनले पनि आकर्षणमा उल्लेखनीय फरक पार्ने देखिएको इग्नेलले बताउनुभयो।

अनुसन्धानले गर्भवतीमा पनि लामखुट्टेको आकर्षण बढी हुने सङ्केत दिएको छ, जसको कारण शरीरमा हुने जैविक रासायनिक परिवर्तनहरू मानिन्छन्। वैज्ञानिकहरूका अनुसार यस्ता सूक्ष्म परिवर्तनहरूले लामखुट्टेको व्यवहारमा ठूलो प्रभाव पार्न सक्छ।

जीवनशैलीसँग सम्बन्धित केही तत्त्वहरूले पनि लामखुट्टेको आकर्षण बढाउने देखिएको छ। बियर सेवन गर्दा शरीरको तापक्रम बढ्ने, सासमा कार्बन डाइअक्साइड बढ्ने र छालाको गन्ध परिवर्तन हुने भएकाले लामखुट्टे बढी आकर्षित हुने विभिन्न अध्ययनहरूले देखाएका छन्।

बुर्किना फासोमा गरिएको परीक्षणमा बियर पिउने स्वयंसेवकहरूलाई लामखुट्टेले बढी आकर्षित गरेको थियो। त्यस्तै नेदरल्यान्ड्समा सन् २०२३ मा गरिएको अध्ययनमा बियर सेवन गरेका व्यक्तिहरूलाई लामखुट्टेले करिब १.३५ गुणा बढी आकर्षण देखाएको पाइएको थियो।

जलवायु परिवर्तनका कारण लामखुट्टे फैलिने क्षेत्र विस्तार हुँदै जाँदा यस विषयको महत्त्व अझ बढ्दै गएको छ। विशेषगरी डेङ्गु, पहँलो ज्वरो र चिकनगुनिया जस्ता रोग फैलाउने लामखुट्टे नयाँ क्षेत्रमा पुगिरहेका छन्, जसले सार्वजनिक स्वास्थ्य जोखिम बढाएको छ।

फ्रान्समा समेत पछिल्ला वर्षहरूमा चिकनगुनिया फैलाउने बाघ लामखुट्टे उत्तरतर्फ फैलिएको पाइएको छ, जसले वैज्ञानिक र स्वास्थ्य विज्ञहरूको ध्यान खिचेको छ।

लामखुट्टेको टोकाइबाट जोगिनका लागि वैज्ञानिकहरूले ढिलो-ढाकिने कपडा लगाउने, लामखुट्टे जाली प्रयोग गर्ने र प्रभावकारी विकर्षक प्रयोग गर्ने सुझाव दिएका छन्। साथै, जीवनशैलीमा पनि ध्यान दिन–हल्का खाना खाने र मदिरा सेवन कम गर्न–उनीहरूले सल्लाह दिएका छन्।

सबैको साथ ...

आफ्नो कार्यकालमा शान्तिसुरक्षाका लागी गरिने प्रयासमा सबैको साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे।

उनले आफ्नो सम्पुर्ण अनुभव इमान्दारीता पुर्वक जिल्लाको शान्तिसुरक्षा सुदृढ बनाउने कुरामा प्रयोग हुने प्रतिबद्धता जनाए। "जनता र प्रहरीको संयुक्त प्रयासबाट जिल्लाको शान्तिसुरक्षा थप मजबुत बनाउने प्रयास रहने छ, उनले भने-कसैको दबाव र प्रभावमा नपरी निश्पक्ष ढंगले कार्य सम्पादन हुनेछ।"


उक्त अवसरमा जिल्ला प्रहरी कार्यालय तथा मातहतका कार्यालयहरुबाट २०८३ जेठ महिनामा भएको गतिविधी समेटिएको प्रगति विवरण समेत सार्वजनिक गरिएको छ। जस अनुसार एक महिनाको अवधीमा २६ जना फरार प्रतिवादी पक्राउ गरिएको छ।

यस्तै जघन्य तथा गम्भिर अपराधका १ जना र लागु औषधका ९ जना पक्राउ परेका छन। यसै अवधीमा भन्सार छलीका ३ लाख ७६ हजार ४ सय १० रुपैयाको मालसमान प्रहरीले जफत गरेको प्रगति विवरणमा उल्लेख छ।

वडाअध्यक्ष र ...

२०८१ सालको फाँटबारी तथा मालपोत शुल्क तिरेको प्रमाण देखाउँदै हाल सम्म भोग चलन गर्दै आएको जग्गा अर्कैको नाममा सार्ने प्रयास गर्नेहरुमाथी उचित छानवीन हुनु पर्ने माग गरेका छन।

यस सम्बन्धमा वडाअध्यक्ष साहसँग जिज्ञासा राख्दा उनले उक्त जग्गामा सुरु देखी नै देव नारायण साहको हकभोग रहेको दाबी गर्दै सोही आधारमा सिफारिस गरिएको स्पष्ट पारे।



School Code No. 0150104
IEMIS Code No. 150640003
Mob. 9815758655

श्री जनता आधारभूत विद्यालय खोजपुर-६, रंजितपुर
Shree Janata Basic School, Khojpur-6, Ranjitpur
खडक नगरपालिका-२, सप्तरी, मधेश प्रदेश, नेपाल
Khadak Municipality-2, Saptari, Province Madhesh, Nepal
स्था. २०५९ (Estd.-2019)

पत्र संख्या : २०८२/०८३
चलानी नं. : ३२

मिति : २०८३/०३/०२

विषय : विज्ञापन प्रकाशन गरिएको सम्वन्धमा।

उपरोक्त सम्वन्धमा यस विद्यालयमा रिक्त रहेको नि.मा.शि. राहत अंग्रेजी दरवन्दीमा करार शिक्षक नियुक्ति गर्नका लागि तपसिल बमोजिमको विज्ञापन गरिएकोले सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

तपसिल

१. विज्ञापन नं. : ०२/२०८२/०८३
२. तह /विषय : नि.मा.शि. राहत अंग्रेजी
३. पद संख्या : १ (एक)
४. न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एड. वा सो सरह उतीर्ण गरेको
५. दरखास्त दिने मिति : २०८३/०३/०२ गते देखि मिति २०८३/०३/१६ गते सम्म (विद्यालय समय भित्र)
६. आवेदन फाराम विद्यालयबाट उपलब्ध गराइनेछ।
७. परीक्षा दस्तुर : रु. १,५०५।- अक्षरेपी : एक हजार पाँच सय पाँच मात्र (परीक्षा दस्तुर विद्यालयमा जम्मा गर्नु पर्नेछ।)
८. तलव स्केल : प्रचलित नेपाल सरकारको नियमानुसार
९. परीक्षाको किसिम : लिखित र मौखिक तथा आवश्यकता अनुसार कक्षा अवलोकन समेत
१०. पाठ्यक्रम : शिक्षक सेवा आयोगले तोके बमोजिम
११. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
१२. सम्पर्क मिति :२०८३/०३/१७ गते (विद्यालयको समयभित्र) सम्पर्क मितिमा परीक्षा मिति तोकिनेछ।
१३. आवश्यक कागजातहरु :-
   क) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि - २ प्रति
   ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि - २ प्रति
   ग) स्थायी शिक्षण अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि -२ प्रति
   घ) सक्कलै निरोगीताको पमाणपत्र
   ङ) हालसालै खिचेको फोटो - ३ प्रति
   च) हस्त लिखित निवेदन

पुनश्च :
१. नैतिक पतन तथा फौजदारी अभियोग नलागेको उमेदवारहरुको मात्र आवेदन फाराम स्वीकृत हुनेछ।
२. लिखित परीक्षामा उतीर्ण हुने परीक्षार्थीहरुले अन्तरवार्तामा सहभागी हुन आउँदा सक्कलै प्रमाणपत्रहरु अनिवार्य साथमा लिई आउनुपर्नेछ।

शिक्षक छनौट समिति
९८०५९३८१७५/९८१५७८६५५

विश्व समाचार

हर्मुज मार्ग पुनः खुल्ने संकेत

तेहरान, २ असार (रासस/एएफपी)।

अमेरिका-इरान सम्झौतापछि विश्वको सबैभन्दा महत्त्वपूर्ण तेल ढुवानी मार्ग हर्मुजको जलघाँटी पुनः सञ्चालनतर्फ अघि बढेको सङ्केत देखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबारसम्म उक्त सामरिक जलमार्ग 'पूर्ण रूपमा खुला' हुने बताउनुभएसँगै यसले मध्यपूर्व युद्ध अन्त्यतर्फको सम्झौतापछि ऊर्जा बजारमा आशा जगाएको छ।

ट्रम्पका अनुसार जहाजहरू पहिले नै हर्मुज हुँदै आवागमन गर्न थालेका छन् र तेलले भरिएका ट्याङ्करहरू सुरक्षित रूपमा क्षेत्र पार गरिरहेका छन्। उहाँले पछि प्रतिक्रिया दिँदै उक्त मार्ग खुला राख्न 'ठूलो अतिरिक्त सहयोग आवश्यक नपर्ने' सङ्केत गर्नुभयो।

तीन महिनासम्म चलेको द्वन्द्वपछि वासिङ्टन र तेहरानबीच भएको सहमतिलाई विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मोडका रूपमा हेरिएको छ। फेब्रुअरीको अन्त्यमा इरानमा भएको अमेरिका-इजरायली आक्रमणपछि उत्पन्न तनावका कारण विश्व बजार अस्थिर बनेको थियो।

सम्झौताको खबर सार्वजनिक भएसँगै विश्व बजारमा सकारात्मक प्रतिक्रिया देखिएको छ। वाल स्ट्रिटको डाउ जोन्स सूचकाङ्क ऐतिहासिक उचाइमा पुगेको छ भने कच्चा तेलको मूल्य करिब पाँच प्रतिशतले घटेको छ, जसले ऊर्जा आपूर्ति सहज हुने अपेक्षा बढाएको छ।

इरानी सञ्चारमाध्यमका अनुसार सोमबार साँझ केही तेल ट्याङ्कर र मालवाहक जहाजहरू विवादित जलमार्ग हुँदै अघि बढेका थिए। युद्ध सुरु भएदेखि इरानले हर्मुज मार्ग अवरुद्ध गरेको आरोप लाग्दै आएको थियो, जसले विश्व तेल बजारमा ठूलो मूल्यवृद्धि र आपूर्ति सङ्कटको डर बढाएको थियो।

यसैबीच, अमेरिका, इरान र मध्यस्थकर्ता पाकिस्तानले शुक्रबार स्विट्जरल्यान्डमा औपचारिक शान्ति सम्झौतामा हस्ताक्षर गर्ने तयारी गरेको जनाइएको छ। यद्यपि केही अमेरिकी अधिकारीहरूले कागजातमा इलेक्ट्रोनिक हस्ताक्षर भइसकेको बताएका छन्।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले सम्झौतामा कुनै पनि अमेरिकी करदाताको पैसा इरानमा नजाने स्पष्ट पार्दै यसलाई कूटनीतिक समाधानतर्फको कदमका रूपमा व्याख्या गर्नुभएको छ। उहाँले अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायसँग सहकार्य गरेर इरानको अत्यधिक समृद्ध युरेनियम भण्डार व्यवस्थापन गरिने उल्लेख गर्नुभयो।

इरानका अधिकारीहरूले भने सम्झौतालाई युद्धको 'तत्काल अन्त्य' का रूपमा प्रस्तुत गरेका छन्। उपविदेशमन्त्री काजेम घारिबाबादीले दुई महिनाभित्र अन्तिम सम्झौताका लागि थप वार्ता हुने बताउनुभयो। इरानी सेनाले यसलाई 'विजय' भन्दै अमेरिकालाई 'अपमानित' गरिएको दाबी गरेको छ भने राष्ट्रपति मसुद पेजेस्कियानले यसलाई क्षेत्रीय रूपमा ठूलो उपलब्धि भन्नुभयो।

इरानी विदेशमन्त्री अब्बास अराघचीले विगतका सम्झौता कार्यान्वयन नभएको अनुभव स्मरण गर्दै सावधानी अपनाउनुपर्ने धारणा राख्नुभएको छ। उहाँका अनुसार विगतका असफल प्रतिबद्धताले अहिलेको विश्वासमा असर पारेको छ।

सम्झौताका विस्तृत सर्तहरू अझै अस्पष्ट रहेका छन्। इरानले विदेशमा रोकिएको कोष फिर्ता र युद्धका क्षतिको क्षतिपूर्ति मागेको जनाएको छ भने अमेरिकी पक्षले १२ अर्ब डलर बराबरको जफत सम्पत्ति फुकुवा गर्ने चर्चा गरिएको छ।

उपराष्ट्रपति भान्सले कुनै पनि अमेरिकी रकम इरानमा नगएको स्पष्ट गर्दै संवेदनशील विषयमा कडा निगरानी रहने बताउनुभयो। साथै इरानमा अन्तर्राष्ट्रिय निरीक्षकहरूको प्रवेश अनुमति दिने विषयमा पनि छलफल भइरहेको छ।

हर्मुज मार्ग पुनः सञ्चालन र सम्भावित शान्ति सम्झौताले विश्व ऊर्जा बजारमा अस्थायी स्थिरता ल्याएको भए पनि राजनीतिक विवाद, क्षेत्रीय सुरक्षा चुनौती र आणविक कार्यक्रमसम्बन्धी असमझदारी अझै कायम रहेको विश्लेषकहरूले बताएका छन्।

इरानभित्र पनि सम्झौताप्रति मिश्रित प्रतिक्रिया देखिएको छ। केही नागरिकले जीवन सामान्यतर्फ फर्कने आशा व्यक्त गरे पनि धेरैले दीर्घकालीन स्थायित्वप्रति शङ्का व्यक्त गरेका छन्।

इजरायल, लेबनान र गाजासम्म फैलिएको क्षेत्रीय तनावको सन्दर्भमा पनि यो सम्झौता निर्णायक मोड बन्न सक्ने अनुमान गरिएको छ। यद्यपि इजरायली पक्षले आफ्ना सुरक्षा स्वार्थमा सम्झौता नगर्ने सङ्केत दिएको छ।

अन्तर्राष्ट्रिय समुदायले भने हर्मुज मार्ग पुनः खुल्नु र युद्धविरामको सम्भावनाले विश्व ऊर्जा आपूर्ति र आर्थिक स्थिरतामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरेको छ।

युद्ध अन्त्य नै प्रमुख सर्त : इरान

तेहरान, २ असार (रासस/एएफपी)।

इरानका विदेशमन्त्री अब्बास अराघचीले अमेरिकासँगको सम्भावित शान्ति सम्झौतामा लेबननसहित सबै मोर्चामा युद्धको अन्त्यलाई सबैभन्दा महत्त्वपूर्ण सर्तका रूपमा अघि सार्नुभएको छ। उहाँका अनुसार मध्यपूर्वका विभिन्न मोर्चामा जारी सङ्घर्ष अन्त्य नभएसम्म कुनै पनि समझदारी पूर्ण मान्न सकिँदैन।

"हाम्रो बुझाइमा यो सम्झौतामा दुई पक्ष छन्–एकातर्फ अमेरिका र इजरायल, अर्कोतर्फ इरान र हिजबुल्लाह", सरकारी टेलिभिजनमा विदेशी कूटनीतिज्ञहरूसँगको ब्रिफिङमा अराघचीले थप स्पष्ट पार्दै भन्नुभयो, "सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको लेबननसहित सबै मोर्चामा युद्धको तत्काल र स्थायी अन्त्य हो। लेबननमा युद्ध अन्त्य हुनु नै पूर्ण युद्ध अन्त्यको अभिन्न अङ्ग हो।"

लिटिल एन्जललाई विद्यालयस्तरीय टी-२० क्रिकेट छनोट प्रतियोगिताको उपाधि



दैनिक समाचारदाता राजविराज, २ असार ।

विद्यालयस्तरीय टी-२० क्रिकेट छनोट प्रतियोगिताको उपाधि लिटिल एन्जलको जितेको छ ।

मंगलबार सम्पन्न फाइनल खेलमा लिटिल एन्जलले बीपी माध्यमिक विद्यालय भारदहलाई ८ विकेटले पराजित गर्दै उपाधि जितेको हो ।

राजबिराजस्थित पविमाविको खेल मैदानमा सम्पन्न फाइनल खेलमा टस जितेर पहिले ब्याटिङ गरेको बीपी माविले १९ ओभरमा सबै विकेट गुमाउँदै १०८ रनको योगफल तयार गरेको थियो । बीपी माविका लागि मिथलेश कापैरले अविजित ३३ रनको योगदान दिए भने रोशन रायले २१ तथा विशालकुमार दासले १९ रन बनाए ।

लिटिल एन्जलका बलरहरूले उत्कृष्ट प्रदर्शन गर्दै विपक्षी टोलीलाई मध्यम स्कोरमा सीमित गरेका थिए । अभिमन्यु सरदार, ऋषव मण्डल र सुरज मण्डलले समान ३-३ विकेट लिए भने गोपाल मण्डलले १ विकेट हात पारे ।

एक सय ९ रनको लक्ष्य पछ्याएको लिटिल एन्जलले १४ ओभरमै २ विकेटको क्षतिमा लक्ष्य पूरा गर्दै सहज जित निकालेको थियो । टोलीको जितमा शिव अधिकारीले उत्कृष्ट प्रदर्शन गर्दै अविजित ५१ रनको अर्धशतकीय इनिङ्स खेले ।

त्यस्तै निवेश मण्डलले २९ रन तथा ऋषव यादवले १६ रनको योगदान दिएका थिए । फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गरेका शिव अधिकारी 'प्लेयर अफ द फाइनल' घोषित भए ।

प्रतियोगिताको समापन तथा पुरस्कार वितरण समारोहमा सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठ, उपाध्यक्ष निरज सिंह, सचिव चन्दन यादव, सदस्य डम्बर नारायण दास, संजय कार्की लगायतको उपस्थिति रहेको थियो । उनीहरूले विजेता तथा उपविजेता टोलीलाई ट्रफी, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठका अनुसार प्रतियोगिताको विजेता टोली लिटिल एन्जलले आगामी असार ६ गतेदेखि सञ्चालन हुने मधेश प्रदेशस्तरीय विद्यालय क्रिकेट प्रतियोगितामा सप्तरी जिल्लाको प्रतिनिधित्व गर्नेछ ।

जेठ २३ गतेदेखि सञ्चालन भएको उक्त प्रतियोगितामा जिल्लाका २० वटा विद्यालयको सहभागिता रहेको थियो ।

सप्तरी क्रिकेट संघको समन्वयमा सञ्चालित प्रतियोगिता सबल नेपाल तथा 'क्रिकेट फर इक्वालिटी (समानताका लागि क्रिकेट)' कार्यक्रमको सहयोगमा आयोजना गरिएको सबल नेपालका कार्यक्रम संयोजक नवनीत जयसवालले जानकारी दिए ।

रिङ्कु कुमारीसिंह मृत्यु प्रकरणमा तीन पक्राउ

दैनिक समाचारदाता महोत्तरी, २ असार ।

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं. १२ डाँडाटोल बिजलपुरामा गत शुक्रबार राति भएको स्थानीय रिङ्कुकुमारी सिंहको मृत्यु प्रकरणमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मृतक रिङ्कुका पति शशिकुमार सिंह, ससुरा रामबाबु सिंह र सासू ललितादेवी सिंह रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले बताएका छन् ।

पक्राउ परेका तीनै जनालाई प्रहरीले महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धान अगाडि बढाएको जनाइएको छ ।

मृतक रिङ्कुका बुबा गौशाला नगरपालिका ११ बस्ने शत्रुधन महतोले छोरीको मृत्युको घटनामा संलग्न रहेको आरोपमा निजका पति, ससुरा, सासू, नन्द र नन्दका पतिविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले घटना घटेकै दिनदेखि फरार रहेका उनीहरुमध्ये तीन जनालाई पक्राउ गरेका छन् भने नन्द र नन्दका पति अझै फरार रहेको तथा उनीहरुको खोजतलास भइरहेका प्रहरी प्रवक्ता गोलेले बताए ।

२५ वर्षीया रिङ्कु गत शुक्रबार (जेठ २९ गते) राति ८:०० बजेको समयमा आफ्नै दुईतले पक्की घरको आफू सुत्ने कोठामा पङ्खा झुण्ड्याउने सिलिङमा सलको पासो लगाई झुन्डिएको अवस्थामा मृत फेला परेपछि माइती पक्षले उनको हत्या गरिएको भन्दै घरमा तोडफोड र गाडीमा आगजनी गरेका थिए ।

मृतक रिङ्कुका बुबा शत्रुधनले छोरीका पति शशिले अर्को बिहे गरेपछि घरमा विवाद सुरु भएको पतिसहित घरका सबै सदस्यले छोरीलाई सम्बन्धविच्छेदका लागि दबाब दिँदै आएको र छोरीलाई लामो समयदेखि पटक पटक कुटपिट, गालीगलौज, शारीरिक यातनाका साथै घर निकाला गरिदिने धम्की दिँदै आएको आरोप लगाएका छन् ।



एक सुत्रिय लालपूर्जाको माग गर्दै विगत तीन सातादेखी आन्दोलनरत राजविराज नगरवासीले मंगलबार राजविराजमा प्ले कार्ड बाकेर प्रदर्शन गरेका छन् । *तस्बिर : राजविराज दैनिक*

राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज-सप्तरी
मधेश प्रदेश, नेपाल

च.नं. १६९६ मिती :-२०८३।०३।०२

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने **धनेश्वरी देवी यादव** ले नपालिसका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८३।०२।२९ गते मा द.न. १५७६ को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.१० हाल १ बस्ने **प्रभु यादव** नाउको दर्ताको जग्गा

जिल्ला	गा.बि.स./न.पा.	वार्ड नं.	कि.न.	क्षेत्रफल
सप्तरी	चनौरा पडरीया	८	१०१	०-०-१०
सप्तरी	फर्सैठ	५	७२२	०-१०-१४

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज ,सप्तरी

प.नं.०८२/०८३
च.नं.

मिति:- २०८३।०२।२२

विषय:-३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सुचना ।

२००४ सालमा नापी भएको जमाबन्दी श्रेष्ता वमोजिम रैति नं.२६७ को रैति लेलहु गोप ग्वारको नाममा कायम रहेका सात्रिक प्रगन्ना रायभुमुना मौजे काचन र रैति नं.५५ को कारी यादवको नाउँमा तपसील वमोजिमको जग्गा लेलहु गोप र कारी गोपको नाममा ७ न.फाटबारीमा जि.स.प.काचनको तपसिल वमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा सर्वे नापी भई तपसिल वमोजिमको जग्गा जिल्ला सप्तरी गा.वि.स.काचन वार्ड नं. ८ हाल परिवर्तित वोदेवरसाइन न.पा.वार्ड नं.८ बस्ने स्व.शिवराम दासको नाति स्व.चलितर दास तत्माको छोरा लिलाधर दास,मनिक लाल साह,विलट साह,रिता देवी साह,निलम कुमारी साह र रन्जु कुमारी साह समेतले छुट जग्गा दर्ता नामसारी गरी ज.ध.प्र.पुर्जा पाउँ भनि यस कार्यालयमा द.नं.१५३४५ मिति २०८२।१०।४ गतेमा निवेदन परी हक दावी सम्बन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८३।२। गतेमा आदेश भए वमोजिम यो ३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरु समेतको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकहरु समेतको माँग दावी वमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन वमोजिम कार्यवाहि गै जाने छ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराइन्छ ।

तपसील

सा.कि.न.	गा.वि.स.	वार्ड नं.	हा.कि.नं.	क्षेत्रफल	तर्फ	सात्रिक दर्तावाला	कैफियत
२३८६	काचन	७	२९८/५०२	०-१२-१६	०-१२-१६ मध्ये दक्षिण तर्फबाट ०-६-८	स्व.लेलहु गोप र कारी गोपको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा सालमा लेलहु गोप र कारी गोपको नाउँमा कायम रहेको	

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : 031-५२०००५
९८०४७४२२८०, ९८४२२७०७२४

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*